# पाँचौ गाउँ सभामा पेश गरिएको विनियोजित तथा संसोधित बजेट र प्रस्तावित कार्यक्रम

हिउँदे गाउँ सभा

# स्वामीकार्तिक खापर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### वाइ बाजुरा

### सुदूरपश्चिम प्रदेश नेपाल

मिति: २०७५ चैत १४ गते

प्रस्तोता:

भौतिक पुर्बधार समिति संयोजक

वीरजित कट्टेल

गाउँ सभा अध्यक्ष ज्यू,
सुदुरपश्चिम प्रदेश सभा सदस्य ज्यू,
पुर्व सांसद ज्यू
गाउँपालिका उपाध्यक्ष ज्यू,
गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु,
गाउँ सभामा उपस्थित पुर्व पदाधिकारी ज्यूहरु,
गाउँ सभामा उपस्थित विभिन्न पार्टीका पदाधिकारी तथा प्रतिनिधी ज्यूहरु,
साथै उपस्थित सम्पुर्ण महानुभाव ज्यूहरु,

आज मिति २०७५/१२/१४ गते हाम्रो गाउँपालिकाको ५ औं गाउँ सभा शुभ आरम्भ भएको छ । यस हिउँदे अधिवेशनको उद्घाटन समारोहमा उपस्थित हुनु भएका गाउँ सभाका सदस्यज्यूहरु साथै अन्य उपस्थित महानुभाव ज्यूहरुलाई हार्दिक स्वागत गर्दछु साथै आउँदै गरेको नववर्ष २०७६ सालको सुखद उपलक्ष्यमा यहाँ उपस्थित सम्पुर्ण महानुभावज्यूहरु लगायत स्वामीकार्तिक खापर गाउँपालिकामा बसोबास गर्ने सम्पुर्ण आदरणीय दाजु भाई तथा दिदी बहिनीहरुलाई यस गाउँ सभामार्फत मेरो व्यक्तिगत तथा गाउँपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न गर्दछु । यस घडीमा हाम्रो मुलुकको विभिन्न कालखण्डमा राजनैतिक परिवर्तन प्राप्तिको आन्दोलनमा प्रमुख भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिद  प्रति भावपूर्ण श्रदान्जली ब्यक्त गर्दछु । साथै हाम्रो गाउँपालिकाको समग्र परिवर्तनको लागि अहम भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजलाई यस घडीमा स्मरण गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**
मनाव सूचकांकको कोणले ७५३ स्थानमा रहेको हाम्रो गाउँपालिकाको समग्र विकाश अहिलेको प्रमुख आवश्यकता हो र निर्दिष्ट लक्ष्य प्राप्तिको सम्भावना हुदा हुदै पनि केहि चुनौतीहरु हाम्रा अगाडी रहेका छन् तथापी हामी सवैको साझा प्रयास र सक्रियताबाट परिपूर्ति हुने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**
यस हिउँदे अधिवेशनमा विशेष: यस आर्थिक वर्षमा पेश भएका नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका लक्ष्यलाई आज सम्म आईपुग्दा कति कार्य सम्पन्न भए र कति बाँकि रहे, यस सभामा पेश गर्न चाहन्छु ।

**पुजीगत तर्फ :**
भौतिकपूर्वाधार तर्फ गाउँपालिकाका सवै वडाहरुमा तर्जुमा गरेका कार्यक्रम र बजेट पूर्ण रुपमा कार्यन्वयन हुन सकेको अवस्था छैन । केहि ठुला योजना सडक, विधुत, र सिंचाईका कार्यहरु अझ सम्म सुरु हुन सकेका छैनन् । सुरु हुन नसकेका योजनाहरु यस प्रकार रहेका छन्;

१. वडा नं. ५ को विधुत
२. वडा नं. ४ को लिफ्ट सिंचाई
३. वडा नं. ३ को कृषि सडक
४. भतेडीगाड सिंचाई आयोजना

उल्लेखित योजना मध्ये केहि वहु वर्षीय खालका योजना भएकाले सुचारु गर्नको लागि पहल अगाडी बढाईने छ । साथै सबै वडा भित्र संचालित शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई लगायतका योजना मध्ये केहि सम्पन्न भईसकेका र केहि सम्पन्न हुने चरणमा रहेका छन् ।

हाम्रो गाउँपालिकाको मुख्य आय-आर्जनका रुपमा रहेको कृषि क्षेत्र अन्तर्गत फलफुल तर्फका कार्यक्रम मध्ये स्याउ र ओखरका विरुवाहरु कृषकलाई वितरण गर्ने कार्य सम्पन्न भएको छ भने १ वर्ष भित्र फलने फुजी स्याउका एक हजार वोट आउने क्रममा छन् । अन्य कृषि सम्बन्धि बाँकि कार्यहरु समयमै सम्पन्न गरिने छ । जल श्रोत परियोजना अन्तर्गतका योजना मध्ये केहि सुरुवात भईसकेका छन् भने RCIW द्वारा संचालित योजना सम्पन्न भैसकेका छन् ।

पर्यटकीय हिसाबले गाउँपालिकाको पहिचान र आर्थिक आय श्रोत वृद्धिका लागि कर्णाली नदीमा रयाफटिइंग (rafting) संचालन गर्न अन्य साझेदार कम्पनिसंग सहकार्य गरि व्यवस्थीत ढंगले संचालनको कार्य आगाडी बढाईने छ ।

हाम्रो गाउँपालिका भित्र व्यापक रुपमा रहेको वेरोजगारी समस्या समाधानका लागि केहि प्रयास गरेका छौं । यस कार्यलाई व्यवस्थित गर्दै निरन्तर अगाडी वढाउने लक्ष्य लिएका छौं ।

**अध्यक्ष महोदय,**

संघीय संसद कोषको रकम बाट संचालित ग्रामिण सडकको कार्य सुरु भएको र निर्धारित समयमा नै सम्पन्न हुने विश्वास लिएको छु । साथै प्रदेश सरकारबाट छुट्याईएका सबै योजनाको कार्य पदेश वाट नै हुने भएकोले विविध कारणले कार्य संचालन हुन सकेका छैन । यसका लागि सम्बन्धित पक्ष संग छिटो संचालनका लागि प्रयास गरिरहेका छौं ।

कर्णाली कोरिडोरमा यातायत संचालन भैसकेकोले हाम्रो गाउँपालिका भित्र पनि सडक निर्माणका केहि कार्य भैरहेको हुदा कर्णालीमा फेरी निर्माणका लागि प्रदेश सरकार संग स्मपुरक अनुदान कोष वाट रकम माग गर्ने गरि कार्य अगाडी वढाएका छौं ।

गाउँपालिका भित्रको उचित ठाउँलाई शहरी विकासको तयारीका लागि गाउँपालिकाले नीति र कार्यक्रम अगाडी बढाउनको लागि सम्बन्धित सबै पक्ष संग सम्बाद गरि कार्य अगाडी वढाईने छ ।

यस गाउँपालिका भित्र रहेको ढिकुरीसीचाई तथा लघु जलविधुत आयोजनाको लागि संघिय समपुरक अनुदान उपलब्ध भएकोमा सो योजनाको वोल पत्र आव्हान भैसकेको छ। सो योजनालाई यसै आ.व . भित्र पुरा गर्ने लक्ष्य लिईएको छ।

गाउँपालिका भित्र रहेका कुरीति र कुसंस्कारलाई अन्त्य गर्ने उदेश्यले केहि वडाहरुमा महिलाद्वारा संचालित कार्यक्रमहरुलाई महत्वका साथ लिएका छौं  र आगामी दिनमा सबैको सक्रियता र सहभागितामा योजना तर्जुमा गरि कार्यक्रम आगाडी बढाउनुका  साथै आवश्यक सहयोग गर्ने रणनिति लिएका छौं।

**अध्यक्ष महोदय,**

अब म यस हिउदे गाउँ सभामा केहि महत्वपूर्ण प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु।

१. आ.व को पुजीगत र चालु रकमको व्यय खर्च विवरण:
२. अहिले सम्मको आय विवरण :
३. रकम रकमान्तरण सम्बन्धि विवरण :
४. कर्मचारी दरवन्दी सम्बन्धमा:
५. विधेयक, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत सम्बन्धित विवरण:
६. संघिय र प्रदेश सरकार संग आगामी आर्थिक वर्षको लागि रकम माग समन्धमा:
७. ठुला योजना संघिय र प्रदेश सरकार संग माग संबन्धमा:
८. आवधिक योजना स्वीकृत सम्बन्धमा
९. एम्बुलेन्स तथा गाउँपालिकाको लागि सवारी साधन माग तथा खरिद सम्बन्धमा

### १. आ.व को पुंजीगत र चालु रकमको व्यय खर्च विवरण:

यस गाउँपालिकाको चौथो गाउँसभाले विनियोजन गरेको कुल स्वीकृत बजेट ३१ करोड ७४ लाख ५८ हजार रकम मध्ये हाल सम्म कुल रु. १० करोड ३५ लाख ६७ हजार ९ सय ३३ खर्च भई सकेको छ । धेरै निर्माणका काम सम्पन्न हुने क्रममा रहेकाले छिट्टै पुँजीगत खर्चमा वृद्धि हुने देखिएको छ। जसको विस्तृत खर्च विवरण यसै प्रतिवेदनसंग संलग्न छ।

### २. अहिले सम्मको आय विवरण :

यस गाउँपालिकालाई यस आर्थिक वर्ष संघिय सरकारबाट समानीकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान र सामाजिक सुरक्षा वाफत कुल रु. २५ करोड, ७८ लाख ५८ हजार, प्रदेश राजश्व बाँडफाँट र समानीकरण अनुदान गरि रु. ७४ लाख ४५ हजार र आन्तरिक आय रु. ४७ लाख ५७ हजार ४ सय ५० गरि कुल जम्मा रु. ३० करोड ८ लाख १५ हजार ४ सय ५० रुपैया यस वर्षको कुल आय रहेको छ। आयव्यय सम्वन्धि विस्तृत विवरण यसैसाथ संलग्न छ।

**३. रकम रकमान्तरण सम्बन्धि विवरण :**

यस आर्थिक आ.व.मा योजना गरिएका विभिन्न शिर्षकहरुमा हुन नसेकेको आर्थिक विकास तर्फको ३ लाख, सामाजिक विकास तर्फको ३० लाख, संस्थागत विकास तर्फको १५ लाख र बन बातावरण तथा विपद तर्पको २ लाख बजेट यसैसाथ संलग्न शिर्षकमा खर्च गर्ने गरि रकमान्तरण स्वीकृतिका लागि प्रस्ताव गरिएको छ ।

**४. कर्मचारी दरवन्दी सम्बन्धमा**

गाउँपालिकाका समग्र लक्षित कार्यक्रमलाई सुचारु ढंगले सम्पन्न गर्नको लागि आवश्यक पर्दा जनसक्तिको आवश्यक पर्ने हुदा तपशिल वमोजिमका आन्तरिक र वाहय श्रोत बाट रकम व्यवस्था गरि करार कर्मचारी दरवन्दी स्वीकृती मागविवरणको प्रस्ताव पेश गर्दछु ।

१. करार शिक्षक - ३० जना
२. गाउँ प्रहरी - १० जना
३. स्वकीय सचिव - १ जना
४. विषय शाखा प्रशासन तर्फ - ५ जना
५. कृषि तर्फ- ३ जना
६. भेटनरी तर्फ - ३ जना
७. अ.हे.व. - ५ जना
८. एच. ए. - ५ जना
९. अनमि- ४ जना
१०. योजना सुपभाईजार- २ जना
११. सामाजिक परिचालक - ५ जना
१२. सवरी चालक- २ जना
१३. कार्यालय सहयोगी , पाले र भान्से लगायत - ८ जना

**५. विधेयक, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत सम्बन्धित विवरण:**

गाउँपालिकाका सम्पुर्ण कार्यलाई नियम पूर्वक अगाडि बढाउन आवश्यक पर्ने थप कानुन गाउँ कार्यपालिकाको बैठकमा निर्णय भई गाउँ सभामा पेश गर्ने बनेका ऐन, कार्यविधी, नियमावली, निर्देशिका प्रस्ताव गर्दछु ।

१. गाउँपालिकाको प्रशासनिक खर्च नियन्त्रण निर्देशिका २०७५
२. गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०७५

३. गाउँपालिका आपतकालिन कार्य सञ्चालन कार्यविधी २०७५
४. गाउँपालिका ऱ्यापटिङग संचालन निर्देशिका २०७५
५. गाउँपालिका जलश्रोत सम्बन्धमा व्यवस्थापन गर्ने बनेको नियमावली २०७५
६. गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी २०७५
७. गाउँपालिकामा स्थानीय रोजगार कोष संचालन कार्यविधी २०७५
८. स्थानीय तहमा गरिवी निवारणका लागी लघु उधम विकास कार्यक्रम २०७५
९. गाउँपालिका एकिकृत सम्पती कर व्यस्थापन कार्यविधी २०७५
१०. गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७५
११. खानेपानी योजना संचालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका २०७५

**६. संघिय र प्रदेश सरकारसंग आगामी आर्थिक वर्षको लागि रकम माग समन्धमा**

आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि संघ र प्रदेश सरकारसंग वजेट माग विवरण

| विषयगत क्षेत्र | विषय क्षेत्रगत प्राथमिकता | माग रकम |
|---|---|---|
| **१. भौतिक पूर्वाधार विकास** | १.१. यातायात तथा सडक | **२५ करोड** |
| | १.२. उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | |
| | १.२. सिंचाई, खानेपानी तथा ढल व्यवस्थापन | |
| | १.४. सूचना तथा सञ्चार | |
| | १.५. वस्ती तथा शहरी विकास र आवास तथा निर्माण | |
| **२. आर्थिक विकास** | २.१. कृषि तथा पशु-पन्छिपालन | **१६ करोड** |
| | २.२. पर्यटन | |
| | २.३ लघु उद्यम व्यवसाय र उद्योग विकास, वाणिज्य, बैंकिंग तथा सहकारी | |
| **३. सामाजिक विकास** | ३.१ शिक्षा, खेलकूद तथा युवा | **१० करोड** |
| | ३.२ स्वास्थ्य तथा जनसंख्या | |
| | ३.३ लैगिक समानता, सामाजिक समावेशीकरण तथा तथा लक्षित वर्ग | |
| | ३.४. संस्कृति प्रवर्द्धन | |
| **४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ४.१ संस्थागत क्षमता विकास | **५ करोड** |
| | ४.२ स्रोत परिचालन | |
| | ४.३ स्थानीय सुशासन प्रवर्द्धन | |
| | ४.४ विकास व्यवस्थापन | |
| | ४.५ समुदाय सशक्तिकरण | |
| | ४.६ अनुसन्धान तथा विकास | |
| **५. वन, वातावरण** | ५.१ वन, भू–संरक्षण तथा जैविक विविधता | |

| | | |
|---|---|---|
| **तथा विपद व्यवस्थापन** | ५.२ विपद् जोखिम व्यवस्थापन | **४ करोड** |
| | ५.३ जलाधार संरक्षण | |
| | ५.४ वातावरण संरक्षण, जलवायु परिवर्तन | |
| | ५.५ जलउत्पन्न प्रकोप नियन्त्रण | |
| | **कूल जम्मा** | **६० करोड** |

**७. ठुला योजना माग संबन्धमा**

आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रममा गाउँपालिकाको आयको श्रोत र साधनले सम्पन्न गर्न नसकिने ठुला विकासका योजनालाई संघिय र प्रदेश सरकार संग माग गर्ने प्रस्ताव पेश गर्दछु ।

१. सहरी विकास कार्यक्रम सम्बन्धमा
२. लामा ओडार देखी काटेपहरा सम्मको सडक
३. कालिकोटको पुलाहा सिमाना देखि मिगु सम्मको रारा मार्ग
४. गाउँपालिकाको प्रशासनिक भबन निर्माण
५. १५ सैयाको अस्पताल निर्माण
६. ठुला खानेपानी योजना
७. भत्याडी गाडको निरन्तरता
८. लिफ्ट सिचाई
९. कर्णालीमा पक्की सडक पुल निर्माण
१०. विद्यालय भवन निर्माण

**८. आवधिक योजना स्वीकृत सम्बन्धमा**

यस गाउँपालिकाको त्रिवर्षिय आवधिक योजना तयार भई गाउँकार्यपालिकाको बैठककले सुझाव सल्लाह सहित पारित गरेको आवधिक योजनालाई स्वीकृतिका लागि पेश गर्दछु ।

**९. एम्बुलेन्स तथा गाउँपालिकाको लागि सवारी साधन माग तथा खरिद सम्बन्धमा**

कर्णालि कोरिडोको रोड संचालन भई सकेको परिप्रेक्षमा, गाउँपालिकाका नागरिकहरुका लागि आपतकालिन उद्दार तथा पालिकाको यातायातमा सहजताका लागि एक एम्बुलेन्स र पालिकाका लागि सवारि साधन संघ तथा प्रदेश सरकारसंग माग गर्ने साथै आवश्यक परेमा गाउँपालिकाको बजेटबाट पनि खरिद गर्न सकिने गरि प्रस्ताव पेश गरिएको छ ।

अन्तमा, यस हिउँदे अधिवेशनमा पेश गरिएको यस प्रतिवेदनमाथि यहाँहरुको समारात्मक टिप्पणीका लागि अनुरोध गर्दै, यतिवेर सम्म मलाई धैर्यताका साथ सुनीदिनु भएकोमा सम्पूर्ण सभामा उपस्थित महानुभावहरुमा आभार व्यक्त गर्दै मेरो भनाई यहिँ अन्त्य गर्दछु ।

धन्यवाद